# ओमसतिया गाउँपालिकाको तीन पाङ्ग्रे सवारी साधन संञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१

# ओमसतिया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हाटीफर्साटिकर, रुपन्देही।
लुम्बिनी प्रदेश नेपाल ,

## प्रस्तावना

ओमसतिया गाउँपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा, अटो रिक्सा लगायतका तीन पाङ्ग्रे सवारी साधनहरुलाई व्यवस्थापन गर्न, ट्राफिक व्यवस्थापनमा सहजता ल्याउन, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारीधनीहरुको हित प्रबर्द्धन गर्दै स्थानीय यातायात, सुरक्षा र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ।ट) को खण्ड ४ को अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४(ट) बमोजिम अधिकार प्रदेश कानून बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी गाउँपालिका क्षेत्रमा चल्ने तीन पाङ्ग्रे सवारी साधनको दर्ता, अनुमति, गाउँपालिका क्षेत्रलाई आवश्यक संख्याको निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्न र वैकल्पिक तथा नविकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रोत्साहित गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाको मिति २०८१/११/२३ को बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"तीन पाङग्रे सवारी साधन संञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले "तीन पाङग्रे सवारी साधन संञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१" भन्ने बुझिनेछ ।

(ख) "विद्युतीय रिक्सा" भन्नाले पेट्रालियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ। जसलाइ छोटकरीमा इ-रिक्सा/अटो रिक्सा भनिनेछ ।

(ग) "म्यानुअल रिक्सा" भन्नाले मानव अम शक्तिद्वारा सञ्चालन हुने परम्परागत रिक्सा भन्ने बुझिनेछ।

(घ) "सञ्चालन अनुमति" भन्नाले ओमसतिया गाउँपालिकाले रुट निर्धारण गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालन गर्ने अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका रिक्साका सञ्चालन अनुमतिलाई बुझाउनेछ ।

(ङ) "रुट" भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि गाउँपालिका क्षेत्रभित्र राजमार्ग सडक बाहेक निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बझाउनेछ ।

(च) "क्रसिङ बिन्दु" भन्नाले ओमसतिया गाउँपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेको विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनको लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याको राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ।

(छ) "राहत कोष" भन्नाले यस कार्यविधिको दफा १७ बमोजिमको राहत कोषलाई बुझिनेछ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा १३ बमाजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(झ) "स्वरोजगार" भन्नाले आफ्नो वा एकाघर परिवारको नाँउमा ब्लुबुक भई सवारी चालक अनुमति पत्र प्राप्त गरी आफैले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

(ञ) "कार्यपालिका" भन्नाले ओमसतिया गाउँपालिका गाउँ कार्यपालिकालाई बुझाउनेछ।

(ट) "गाउँ कार्यपालिका कार्यालय" भन्नाले ओमसतिया गाउँपालिका गाउँ कार्यपालिका कार्यालयलाई बुझाउनेछ।

(ठ) "गाउँपालिका क्षेत्र" भन्नाले ओमसतिया गाउँपालिकाको सीमाना भन्ने बुझाउनेछ ।

(ड) "अध्यक्ष" भन्नाले ओमसतिया गाउँपालिकाका अध्यक्षलाई जनाउनेछ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ओमसतिया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

## परिच्छेद २
## दर्ता सम्बन्धी व्यवस्था

**३. सञ्चालन अनुमति लिनु पर्नेः** (१) ओमसतिया गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, म्यानुअल रिक्सा, तीन पाङ्ग्रे टेम्पु वा अन्य जुनसुकै किसिमका तीन पाङ्ग्रे साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी ओमसतिया गाउँपालिकाबाट सञ्चालन तथा रुट इजाजत अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमति नलिइ गाउँपालिका क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन।

**४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइनेः** ओमसतिया गाउँपालिकाका राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनका लागि दर्ता भइ रुट अनुमति पत्र वाहक बाहेक अन्य रिक्सा, टेम्पु जन्य सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ ।

**५. दर्ता गर्नु पर्नेः**

(१) गाउँपालिका क्षेत्रमा सञ्चालन हुने गरी यस कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र इ-रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नम्बर उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएको विद्युतीय रिक्साको वार्षिक नवीकरण गर्नुपर्नेछ ।

(४) दर्ता तथा नवीकरण शुल्क गाउँपालिका सभाले निर्धारण गरे वमोजिम रु १००० हुनेछ।

(५) रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम रु ५०० हुनेछ ।

(६) गाउँ सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

**६. सुचना गर्नुपर्ने :**

(१) यस कार्यविधि बमोजिम सञ्चालन अनुमतिका लागि गाउँपालिका कार्यपालिकाले कम्तीमा १५ दिनको सार्वजनिक सूचना गर्नु पर्नेछ । सो समयमा आवश्यक परेमा म्याद थप गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम प्राथमिकताका आधारमा दर्ता गर्नु पर्नेछ। तोकिएका अन्य कुरा बाहेक देहाय बमाजिमको प्राथमिकताका तोकी सूचना प्रकाशित गरिने छ।

(१) स्थानीय (गाउँपालिका क्षेत्र) को स्वरोजगार महिला ।

(२) स्थानीय (गाउँपालिका क्षेत्र) को स्वरोजगार ।

(३) नेपाली नागरिक ।

**७. निवेदन दिनु पर्नेः** (१) दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमको विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(क) सवारी धनीको नाम थर, ठेगाना, नागरिकता नं. र जारी भएको जिल्ला, नागरिकताको प्रतिलिपि,

(ख) सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल विजक,

(ग) सवारीको चेसिस नम्बर,

(घ) सवारी चालक आफै भए चालक अनुमति पत्रको प्रतिलिपि,

(ङ) सवारी धनीले स्वंम चालक नभएमा सवारी चालकलाई अनुसूची ५ वमोजिमको नियुक्ति पत्र उपलब्ध गराउनुपर्नेछ ।

(ङ) संघीय सरकार/प्रदेश सरकारको निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नम्बर र ब्लुबुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात ।

(२) उल्लेखित विवरण र कागजात सहित पर्न आएका निवेदन माथी १५ दिनभित्र दफा १३ को व्यवस्थापन समितिबाट आवश्यक छानविन गरी सिफारिस भई आएका तीनपाङ्ग्रे सवारीका साधनलाई मात्र कार्यालयले सूचीकृत गरी अनुसूची ६को ढाँचामा अभिलेख खडा गरी दर्ता अनुमति सिफारिस, रुट इजाजत पत्र, सवारी साधन नम्बर अनुसूची ३ वमोजिमको ब्लुबुक दिन सक्नेछ ।

(३) यस कार्यविधि वमोजिम सूचीकृत भई सञ्चालनमा रहेका साधनहरु नामसारी गर्नुपरेमा नामसारी गर्नेको सम्पूर्ण विवरण खुलाई निवेदन दिन सकिनेछ । व्यवस्थापन समितिबाट नामसारी गर्न सिफारिस भई आएमा नामसारी गरी अनुसूची ६ को अभिलेखमा चढाउनु पर्नेछ ।

**८. म्यानुअल रिक्सा दर्ता तथा सचालनः** गाउँपालिका क्षेत्र भित्र म्यानुअल रिक्सा दर्ता गर्न पाइने छैन। तर विगतमा दर्ता भएका म्यानुअल रिक्सा नवीकरण र सञ्चालन गर्न भने रोक लगाइने छैन। यस दफा बमोजिम दर्ता भई सञ्चालनमा रहेका रिक्साको फर्म, चेसिस नम्बर परिवर्तन गर्न पाइने छैन । लगातार २ वर्ष नवीकरण नभएका म्यानुअल रिक्साको दर्ता नवीकरण गरिने छैन।

**९. सवारी चालक अनुमति पत्रः** गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनको चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-३
## रुट तथा संख्या निर्धारण सम्बन्धी व्यवस्था

**१०. रुट निर्धारणः** (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरुको सञ्चालन हुने रुटको निर्धारण गाउँपालिका कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमका रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछः

(क) राजमार्ग सडक र गाउँ कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेका क्षेत्र बाहेकका गाउँपालिका क्षेत्रभित्रका सडक।

ख) गाउँपालिका क्षेत्रमा सञ्चालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ।

ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

घ) रुट निर्धारण सम्बन्धमा गाउँ कार्यपालिका कार्यालयले समय-समयमा परिवर्तन गर्न सक्नेछ।

**११. संख्या निर्धारणः**

(१) गाउँपालिका क्षेत्र भित्र संञ्चालन हुने विद्युतीय रिक्साको संख्या निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) गाउँ कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा संख्या निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विद्युतीय रिक्साको संख्या एकिन गरी निर्धारण नभएसम्मका लागि गाउँपालिका क्षेत्र भित्र संञ्चालन भई गाउँ कार्यपालिका कार्यालयबाट गरिने सूचना बमोजिम एकिन भएको संख्या मात्र कायम हुनेछ ।

(४) उपदफा ३ बमोजिम निर्धारण गरिएको संख्या गाउँपालिका कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ ।

**१२. आलोपालो तोक्न सक्नेः** (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेको जस्ता कारण पाइएमा गाउँ कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीको आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ। आलोपालो प्रणाली जोर विजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-४

## सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१३. तीन पाङग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) गाउँपालिका क्षेत्रमा सञ्चालन हुने तीन पाङग्रे सवारी साधनहरुको सञ्चालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) यातायात व्यवस्था कार्यालयको प्रमख वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि १ जना -सदस्य

(ग) जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमस्त वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना -सदस्य

(घ) गाउँपालिका प्रमुखले तोकेको ट्रेड युनियन प्रतिनिधि १ जना -सदस्य

(ङ) गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिकाको प्राविधिक कर्मचारी १ जना -सदस्य

(च) जिल्ला स्थित उपभोक्ता हित संरक्षण मंचको अध्यक्ष १ जना -सदस्य

(छ) ओमसतिया गाउँ कार्यपालिका कार्यालयको राजश्व शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तीन पाङ्ग्रे सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

(ख) सम्बद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसँग समन्वय गर्ने ।

(ग) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

(घ) प्रत्यक दुई वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने ।

(ङ) सवारी साधन सञ्चालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराइ सञ्चालन योग्य नदेखिएको सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

(च) गाउँपालिका क्षत्रेमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी इ-रिक्शाको संख्या थपघट गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने।

(छ) गाउँपालिकामा संचालित तीन पाङ्ग्रे सवारी साधनमा कलर कोड तोक्ने ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक बस्दा गाउँ कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(५) समितिको संयोजकले आफ्नो अधिकार उपाध्यक्ष वा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

**१४. बिमा गर्नुपर्नेः** सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

१५. सवारी धनी तथा सवारी चालकले पालना गर्नुपर्ने शर्त यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालन गर्नु पर्नेछ ।

(क) सवारी धनी र सवारी चालकको ठेगाना र फोन नम्बर सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) सिद्धार्थ राजमार्ग तथा गाउँ कार्यपालिकाले निषेधित क्षेत्र भनी तोकेको सडकमा इ-रिक्सा तथा अन्य तीन पाङ्ग्रे सवारी साधन सञ्चालन गर्न पाईने छैन ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाईने छैन ।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउनु पर्ने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(छ) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन ।

(ज) यात्रुसँग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५

## दण्ड जरिवाना तथा राहत कोष सम्बन्धी व्यवस्था

**१६. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः** यस कार्यविधिको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी सञ्चालन गरे/गराएमा वा रुट अनुमति विना सवारी चलाएमा, सवारी चालक अनुमति पत्र या लाइसन्स प्राप्त नगरी इ-रिक्सा चलाएको पाईएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा सञ्चालन गरेको वा दफा १५ बमोजिमको शर्त उल्लङ्घन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछः

(क) पहिलो पटक भएमा रु. ५००।- जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा रु. ७५०।- जरिवाना, तेस्रो पटक सोही कसुर गरेमा रु. १०००।- जरिवाना हुनेछ। तीन पटक भन्दा बढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट पर्मिट खारेज हुनेछ ।

ख) दण्ड जरिवाना गर्ने अधिकारीः यस दफा बमाजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ । यस सम्बन्धी अधिकार ट्राफिक प्रहरी कार्यालयलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**१७. राहत कोष सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम दर्ता अनुमति सिफारिस प्राप्त गरी रुट इजाजत प्राप्त तीन पाङ्ग्रे टेम्पो वा इ-रिक्सा धनी र चालक दुर्घटना वा अन्य कारणले गम्भिर बिरामी भएमा, अपाङ्गता भएमा र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएमा त्यस्तो तीन पाङ्ग्रे टेम्पो वा इ-रिक्सा धनी वा चालकलाई राहत सहयोग प्रदान गर्न ओमसतिया गाउँपालिकाले एउटा श्रमिक कल्याण राहत कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमाजिमका कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछः

(क) दर्ता अनुमति सिफारिस र रुट इजाजत सिफारिस शुल्क मध्येको १०% रकम ।

(ख) दर्ता अनुमति सिफारिस र रुट इजाजत सिफारिस गर्दा कोषमा योगदान स्वरुप जम्मा हुने रकम। योगदान स्वरुप रकम जम्मा गर्दा ५ वटा सम्म तीन पाङ्ग्रे टेम्पो वा

इ-रिक्सा धनीले एकमुष्ठ रु.५००।- र सो भन्दा बढी जतिसुकै सवारी धनीले रु.५००।- मा थप प्रति रिक्सा रु.१५०।- का दरले हुन आउने रकम हुनेछ । तर सो रकम रु.१०००।- भन्दा बढी हुने छैन ।

(ग) जरिवानाबाट प्राप्त हुने रकमको २५% रकम ।

(घ) गाउँपालिकाले विनियोजन गरेको रकम ।

(ङ) अन्य रकम ।

(३) कोषको खाता सञ्चालन ओमसतिया गाउँपालिकाले छुट्टै खाता खोली गर्नेछ ।

(४) कोषको सञ्चालन दफा १३ बमोजिमको इ-रिक्सा सञ्चालन तथा व्यवस्थापन समितिले गर्नेछ। कोषको रकम समितिको निर्णय विना खर्च गर्न पाइने छैन ।

(५) राहत रकम अधिकतम रु.२५ हजार भन्दा बढी उपलब्ध गराइने छैन ।

(६) राहत रकम रु.२५ हजार भन्दा बढी उपलब्ध गराउनु पर्ने अवस्था भएमा समितिले बढी रकम उपलब्ध गराउन पर्नाको प्रयाप्त कारण र आधार प्रमाण सहित गाउँ कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ । त्यसरी प्राप्त निर्णय सिफारिस उचित ठहर भएमा गाउँ कार्यपालिकाले उक्त कोषको अवस्था हेरी बढीमा रु.५० हजार सम्म उपलब्ध गराउन सक्नेछ ।

(७) एक वर्षमा एक व्यक्तिलाई दोहोऱ्याएर राहत उपलब्ध गराइने छैन ।

## परिच्छेद-६
## विविध

**१८. विविधः**

(१) दर्ता अनुमति भई रुट इजाजत प्राप्त इ-रिक्साहरुको आयु यस कार्यविधि बमोजिम इजाजत प्राप्त भएको मितिले ५ वर्ष मात्र हुनेछ । सो मितिपछि उक्त रिक्सा, रिक्सा धनी स्वयंले नष्ट गर्नु पर्नेछ । त्यसरी नष्ट नगरेमा उक्त रिक्साको दर्ता तथा रुट इजाजत खारेज गरिनेछ । तर यस कार्यविधि बमोजिमको प्राविधिक जाँचबाट सञ्चालन योग्य नदेखिएमा जुनसुकै बेला स्वतः दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका दर्ता नम्बर सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने बारेको निर्णय व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(३) यस कायविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भइ सञ्चालन भएका इ-रिक्साहरुको हकमा यस कार्यविधि बमोजिमको प्रकृयामा आइ निधारित संख्या भित्र परेकाको हकमा यातायात व्यवस्था कार्यालयमा ठाउँसारी गर्नुपर्नेछ। त्यसरी नामसारी नभएका इ-रिक्साहरुलाई रुट इजाजत उपलब्ध गराइने छैन । ठाउँसारी गर्न कम्तिमा ३५ दिनका सूचना गरिनेछ ।

(४) जरिवानाबाट प्राप्त हुने रकमको व्यवस्थापन देहाय बमाजिम खर्च गरिनेछः

(क) जरिवानाबाट प्राप्त रकम गाउँपालिकाको संचित कोषमा जम्मा भएपछि प्रत्येक ३/३ महिनामा २५% रकम दफा १७ बमोजिमको श्रमिक कल्याण राहत कोषमा दाखिला गर्ने र २५% रकम गाउँपालिकाको ट्राफिक व्यवस्थापनको अनुगमन तथा नियमन गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई उपलब्ध गराइनेछ। जरिवानाबाट प्राप्त हुने उक्त रकम ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा संलग्न प्रहरीलाई प्रोत्साहन तथा कार्यालय व्यवस्थापनमा खर्च गर्नसक्नेछ ।

(५) यस कार्यविधिको व्याख्या, संशोधन, खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(६) यस कार्यविधिमा उल्लेखित विषय प्रचालित लुम्बिनी प्रदेश सरकार वा संघीय सरकारको कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची १

दफा ६ को उपदफा १ संग सम्वन्धित
ओमसतिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
हाटीफर्साटिकर, रुपन्देही, लुम्बिनी प्रदेश
सूचनाको नमुना
तीनपाङ्ग्रे सवारी साधन सूचीकृत गरी सञ्चालन तथा रुट अनुमति लिने
सम्वन्धी सार्वजनिक सूचना

ओमसतिया गाउँपालिकाको तीनपाङ्ग्रे सवारी साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यविधि, २०८१ वमोजिम ओमसतिया गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने अटो तथा ईरिक्साहरुलाई सञ्चालन - अनुमति तथा रुट इजाजत प्रदान गर्ने प्रयोजनार्थ देहायमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशन दिन भित्र कार्यालय समयमा १५ भएको मितिलेतोकिएको ढाँचामा आवेदन पेश गर्न आव्हान गरिन्छ । आवेदनको नमुना कार्यालयबाट उपलब्ध गराईनेछ ।

आवश्यक कागजातहरु:

१. तोकिएको ढाँचाको निवेदन (निवेदन फाराम कार्यालयबाट प्राप्त हुनेछ),
२. सवारी धनीको नाम थर, ठेगाना, नागरिकता नं. र जारी भएको जिल्ला, नागरिकताको प्रतिलिपि,
३. सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल विजक,
४. सवारीको चेसिस नम्बर,
५. सवारी चालक अनुमति पत्रको प्रतिलिपि,
६. संङ्घीय सरकार/प्रदेश सरकारको निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नम्बर र ब्लुबुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात ।
७. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २(दुई) प्रति ।

मापदण्डः

१. दर्ता तथा रुट इजाजत शुल्क सम्वन्धी व्यवस्था ओमसतिया गाउँपालिकाको तीनपाङ्ग्रे सवारी साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यविधि, २०८१ मा तोकिए वमोजिम हुनेछ ।
२. निवेदन पेश गर्ने अन्तिम मिति २०८१/१२/१२ गते साँझ ५ बजे सम्म ।
३. निवेदन पेश गर्ने स्थानः ओमसतिया गाउँकार्यपालिकाको कार्यलय, हाटीफर्साटिकर, रुपन्देही ।
४. रितपूर्वक पेश नभएका निवेदनलाई दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

अनुसूची-२

**दफा ७ को उपदफा १ संग सम्वन्धित**

**<u>सवारी साधन दर्ता गर्न दिइने दरखास्त</u>**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**ओमसतिया गाउँपालिका,**
**गाउँकार्यपालिकाको कार्यालय, हाटीफर्साटिकर, रुपन्देही ।**

**विषयः सवारी साधन दर्ता गरी पाउँ ।**

मेरो हाम्रो नाममा खरिद भएकोप्राप्त भएको झिकाएको निम्न विवरण भएको सवारी साधन / सरुवा दर्ता/स्थानान्तरण/शुरु गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ संलग्न राखी पेश गरेको छुहाम्रो नाममा दर्ता गरी /छौं ।उक्त सवारी साधन जाँच गरी मेरो/छौं ।/दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु

१. सवारी साधन दर्ता गराउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-
२. ठेगानाः (क) स्थायीः-
ख) अस्थायीः-
३ पिता वा पतिको नाम थर .(व्यक्ति भएमा):-
४ सवारी साधनमा भएको दर्ता नं .(साविकको):-
५सवारी साधनको किसिम .:-
६सवारी साधन बनाउने कम्पनीको नाम .:-
७ सवारी साधनको मोडेल नं .(निर्माण भएको साल)
८सवारी साधनको क्षमताः .
9 . सवारी साधनको चेसिस नं:-
10 . सवारी साधनको रङ्ग:-
११ सवारी साधनमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण .(रेडियो,क्यासेट, टेलिफोन आदि)
१२सवारी साधनको वजन क्षमता .:- ककुल वजन .:-
खभारवहन क्षमता .:-
गसिट संख्या .:-
१३प्रयोग .:-
१४चलाउने क्षेत्र .:-
१५-भन्सार तिरेको निस्साः . क-निस्सा दिने कार्यालयः .
खप्रज्ञापन पत्र नं .:-

गरसिद नं .:-

घमिति .:-

१६ झिकाउने इजाजत पाएको निस्सा .कनिस्सा दिने कार्यालय .:-

खनिस्सा प्रमाणपत्र नं .:-

ग-मितिः .

१७-अन्य प्रमाणपत्रको विवरणः .

दरखास्तवालाको सहीः

नाम, थरः-

**अनुसूची-३**

**दफा ७ को उपदफा २ संग सम्वन्धित**

**बिलबुकको नमुना**

बाहिरी आवरणको रंग गाढा निलो रंगको देहाय वमोजिमको १६ पेजको हुनेछ ।

अगाडिको आवरण

ओमसतिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हाटीफर्साटिकर, रुपन्देही

तीनपाङ्ग्रे सवारी साधनको ब्लुबुक

सवारी धनीको नामः श्री .......................................................
ठेगानाः
सवारीको दर्ता नं
ओमसतिया गाउँपालिका दर्ता नं

ओमसतिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हाटीफर्साटिकर, रुपन्देही

तीनपाङ्ग्रे सवारी साधनको ब्लुबुक

सवारी धनीको नामः श्री .......................................................
ठेगानाः
सवारीको दर्ता नं
ओमसतिया गाउँपालिका दर्ता नं
आवद्ध रहेको कम्पनीः

१

ओमसतिया गाउँपालिका

सवारी धनीको सूचीकृत नं

सवारी साधनको किसिमः

अन्य निकायमा दर्ता भए दर्ता नं

यातायात व्यवस्था कार्यालयको नामः

दर्ता मितिः

सवारी धनीको नाम थरः

ठेगानाः

सम्पर्क नं

सवारी धनीको फोटो

ओमसतिया गाउँपालिका दर्ता नं :

आवद्ध रहेको कम्पनी :

प्रमाणित गर्ने अधिकारीको

| | | |
|---|---|---|
| सवारी धनीको हस्ताक्षरः | पेश गर्नेको हस्ताक्षरहस्ताक्षरः | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षरः |

२

३

सवारी साधनको विस्तृत विवरण

१ निर्माता कम्पनीको नामः

२ सवारी साधनको मोडल र रंगः

३ बनेको साल

४ सिलिण्डर संख्याः

५ हर्ष पावर/ सिसिः

६ च्यासिस नं :

७ इन्जिन नं :

८ चालक सहित सिट संख्याः

९ इन्धनको किसिमः

१० खरिद भई आएको कम्पनीः

११ चलाउन अनुमति दिईएको रुटः

नोटः सिक्सलेन राजमार्गको मुख्य सडक गाउँपालिकाबाट सूचना जारी निषेध गरिएका क्षेत्रमा चलाउन पाईने छैन ।

नामसारी भएको

९

.................................

प्रमाणित गर्नेको हस्ताक्षरः

(सवारी धनीको फोटो)

नाम थरः

ठेगानाः

सम्पर्क नं:

| | | |
|---|---|---|
| सवारी धनीको हस्ताक्षरः | पेश गर्नेको हस्ताक्षरः | प्रमाणित गर्ने अधिकारीको हस्ताक्षरः |

४-८

प्रमाणपत्र नवीकरण

| नवीकरण गरेको मिति | म्याद पुग्ने मिति | नवीकरण दस्तुर रु | रसिद नं | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१० र ११

सवारी जाँचेको विवरण

| जाँचेको मिति | म्याद पुग्ने मिति | प्रमाणित गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१२ र १३

**कैफियत**

१४ र १५

○ सवारी साधनको नम्बर कालो प्लेटमा सेतो अक्षरले स्पष्ट देखिने गरी लेखाउनु पर्नेछ ।

१४ र १५

पछाडिको आवरण

सवारी धनी तथा सवारी चालकले पालना गर्नुपर्ने शर्त तथा नियमहरु

१ सवारी धनीले प्रचलित कानून वमोजिम अनिवार्य रुपमा यात्रु तथा तेस्रो पक्ष बीमा गर्नुपर्नेछ ।

२ निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न र पार्किङ्ग गर्न पाइने छैन

३ गाउँपालिकामा सूचीकृत नभएका वा नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाईने छैन ।

४ मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाईने छैन ।

५ यात्रु संग मर्यादित व्यवहार गर्नुपर्नेछ ।सवारी साधनमा यात्रुको झोला लगायतका सामानहरु छुट्न गई फेला पारेमा नजिकको प्रहरी चौकीमा सकुसल बुझाई दिनुपर्नेछ ।

| | |
|---|---|
| ६ | सूचीकृत भई सञ्चालन तथा रुट अनुमति लिएका साधनहरुको आयु अनुमति प्राप्त भएको मितिले ५ वर्ष सम्म मात्र रहनेछ । |

**अनुसूची-४**

**दफा ९ संग सम्वन्धित**

(सवारी चालक परिचय पत्रको नमुना)

ओमसतिया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

| |
|---|
| पासपोर्ट साइजको फोटो |

हाटीफर्सीटिकर, रुपन्देही

ई-रिक्सा /टेम्पो चालक परिचय पत्र

चालकको नामः

ठेगानाः

सम्पर्क नं :

नागरिकता नं : रक्त समुह :

सवारी किसिमः सवारी दर्ता नं :

ओमसतिया गाउँपालिका दर्ता नं :

सञ्चालन गर्न पाउने लिएको रुटः

आवद्ध रहेको कम्पनीः ल

..........................

प्रमाणित गर्ने अधिकारी

अनुसूची ५

दफा ७ को उपदफा (ङ) संग सम्वन्धित

नियुक्ति पत्रको नमुना

मितिः.........................

श्री ............................

...............................

विषयः चालक नियुक्त गरिएको ।

उपरोक्त सम्वन्धमा ........................नाति/नातिनि/बुहारी ...............नगर/गाउँपालिका वडा नं ..........स्थायी घर भई हाल ...................नगर/गाउँ पालिका वडा नं........................मा मेरो एकाघरको मेरो परिवारको नाम दर्ता कायम रहेको देहाय वमोजिमको ई-रिक्सा टेम्पो चलाउनका लागि चालकको रुपमा नियुक्त गरेको छु । सरकारी नियम कानूनको अधीनमा रही म र मेरो यो साधन आवद्ध रहेको कम्पनीले दिएको निर्देशनको पालना गरी कर्तव्यनिष्ठ र इमान्दार भई चालकको काम गर्नुहुन अनुरोध छ ।

तपसिलः

साधनको दर्ता नं :

ओमसतिया गाउँपालिकामा सूचीकृत नं :

सञ्चालन अनुमति लिएको रुट:

अनुसूची ६

दफा ७ (२) संग सम्वन्धित

ओमसतिया गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हाटीफर्साटिकर, रुपन्देही, लुम्बिनी प्रदेश

## तिनपाङ्ग्रे सवारी साधन सूचीकृत गरेको अभिलेख

| सि नं | सूचीकृत मिति | सवारी धनीको नाम ठेगाना | सम्पर्क नं | ओमसतियामा सूचीकृत नं | अन्य निकायमा दर्ता भए नं | आवद्ध रहेको कम्पनी | इन्धन विद्युत /पेट्रोलियम | च्यासिस नं | इन्जिन नं | सवारीको मोडल | बनेको साल | सञ्चालन गर्न पाउने रुट | फोटो | सवारी धनीको हस्ताक्षर | दायाँ | बायाँ | प्रमाणित गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

प्रमाणीकरण मिति २०८१/११/२३

आज्ञाले
(कृष्ण प्रसाद पन्थी)
प्रमुख प्रशासकीय अधिकृत